

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ५४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन २५ गते बिहीबार ❑ 9 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–


## पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा रात्रिकालीन उडान

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा बिहीबारदेखि नियमितरूपमा रात्रिकालीन उडान सुरु हुने भएको छ।

विमानस्थलमा उपकरणका आधारमा विमान उडान/अवतरण प्रविधि इन्स्ट्रुमेन्ट फ्लाइट रुल्स (आइएफआर) प्रणाली लागू भएपछि पहिलोपटक बुद्ध एयरले नियमित तालिकामा रात्रिकालीन उडान सुरु गर्न लागेको हो।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा यही फागुन ११ गतेदेखि आइएफआर प्रणाली लागू भएको हो । हाल विमानस्थलबाट बिहान ६:०० बजेदेखि साँझ ४:०० बजेसम्म मात्र जहाज उडान र अवतरण हुँदै आएकामा अब आवश्यकताका आधारमा रातिको १२:०० बजेसम्म उडान गर्न सकिने बताइन्छ । बिहीबार साँझ पोखराका लागि काठमाडौँ, भैरहवा, नेपालगञ्ज र भ्रापाबाट भद्रपुरबाट बुद्धका चारवटा जहाज रात्रिकालीन उडान गर्ने नेपाल नागरिक उड्डयन प्राधिकरण पोखरा विमानस्थलका प्रमुख विक्रम गौतमले बताउनुभयो । उहाँका अनुसार हालसम्म बुद्धबाहेकका अन्य कम्पनीले भने रात्रिकालीन उडानको तालिका पेस गरेका छैनन् । उहाँले भन्नुभयो, "पोखरा विमानस्थल रात्रिकालीन हवाई उडानका लागि योग्य भएपछि भोलिदेखि बुद्धले रातको समयमा समेत औपचारिक उडान सुरु गर्दैछ । बुद्धका चार विमानले देशका विभिन्न भागबाट पोखराका लागि उडान गर्नेछन् ।"

यसअघि यही फागुन १८ गते सौर्य एयरलाइन्स राति पोखरा विमानस्थलमा अवतरण भए पनि सो उडान नियमित तालिकाअनुसार थिएन । मौसमको खराबीका कारण तालिका ढिलाइ भएकाले राति अवतरण गरेको थियो । बुद्धका प्रवक्ता दीपेन्द्र कर्णले राति ८ बजेसम्म सेवा दिने गरी रात्रिकालीन उडानको तालिका बनाइएको बताउनुभयो । बुद्धका चारवटा जहाज राति पोखरामा नै रात्रि बिसान गर्नेछन् । कर्णका अनुसार बिहीबार काठमाडौँबाट पोखराका लागि बेलुकी ७:३५ बजे, भद्रपुर-पोखरा साँझ ६:५५ बजे, भैरहवादेखि पोखरा साँझ ७:२५ बजे र नेपालगञ्जबाट पोखराका लागि साँझ ७:२० बजे उडान हुनेछ । उहाँले भन्नुभयो, "हाल चारवटा जहाज पोखरामै रात्रि बिसान हुन्छ । भोलिपल्ट बिहान पोखराबाट सम्बन्धित गन्तव्यमा उडान सुरु हुन्छ । यसले पोखराको पर्यटनलाई ठूलो सहयोग पुग्ने विश्वास छ ।"

पोखराको पुरानो विमानस्थलमा आइएफआर प्रणाली नहुँदा यसअघि रात्रिकालीन उडान हुनसकेको थिएन । अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै रात्रिकालीन उडानको ढोका खुलेको हो । पोखरामा रात्रिकालीन उडान सुरु भएसँगै यात्रुलाई सहज हुने र यसबाट पर्यटन क्षेत्रलाई लाभ पुग्ने पर्यटन व्यवसायी बताउँछन् । यहाँका पर्यटन व्यवसायीले विगतदेखि नै रात्रिकालीन उडानको माग गर्दै आएका थिए । अङ्ग्रेजी नयाँ वर्षको पहिलो दिन गत पुस १७ गते पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको भव्य उद्घाटन गरिएको थियो । सोही दिनदेखि आन्तरिक उडान भए पनि पोखराबाट अन्तर्राष्ट्रिय उडान अझै सुरु हुनसकेको छैन ।

विमानस्थल सञ्चालनमा आएको दुई महिना पुगिसक्दा समेत एउटा पनि अन्तर्राष्ट्रिय उडान नहुँदा यहाँका पर्यटन व्यवसायी तथा उद्योगी निरास छन् । सरकारले भने अन्तर्राष्ट्रिय उडानका लागि छिमेकी मुलुकहरूसँग कूटनीतिक पहल भइरहेको जनाएको छ ।

## लैङ्गिक हिंसाविरुद्ध शून्य सहनशीलता अवलम्बन गरिएको छ : मुख्यमन्त्रीले अधिकारी

**रासस**
काठमाडौँ, २४ फागुन

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा स्वदेश तथा विदेशमा रहेका समस्त नेपालीहरूमा बधाई तथा शुभकामना व्यक्त गर्नुभएको छ।

शुभकामना सन्देश जारी गर्दै उहाँले महिला दिवसले सामाजिक न्याय र लैङ्गिक समानता कायम गर्दै महिलाको हकको सम्मान, संरक्षण र प्रवर्द्धनप्रति संवेदनशील हुन सबैलाई प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभएको छ । "गण्डकी प्रदेश सरकारबाट लैङ्गिक समानता तथा महिला शसक्तिकरण, लैङ्गिक मूल प्रवाहीकरण तथा सामाजिक समावेशीकरणको नीतिलाई कार्यरूपमा रुपान्तरण गर्न, नीतिगत, संस्थागत, कार्यविधिगत तथा संरचनागत पक्षलाई विशेष ध्यान दिएको छ" उहाँको शुभकामना सन्देशमा उल्लेख छ । नीति, योजना तथा कार्यक्रममा लैङ्गिक मूल प्रवाहीकरणलगायत लैङ्गिक उत्तरदायी बजेटका माध्यमबाट लैङ्गिक समता र समानता प्रवर्द्धनका साथै लैङ्गिक हिंसाविरुद्ध शून्य सहनशीलताको अवलम्बन गरिएको मुख्यमन्त्रीले अधिकारीले जनाउनुभएको छ ।

प्रदेश सरकारले जोखिमपूर्ण अवस्थाका गर्भवतीको हवाई उद्धार, पोठेघर तथा स्तन क्यान्सरको निःशुल्क उपचार, महिला तथा १६ वर्षमुनिका बालबालिकाको क्यान्सर रोगको निःशुल्क उपचार र हिंसापीडित महिलाका लागि सीप विकास र स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्दै आएको मुख्यमन्त्रीको शुभकामना सन्देशमा उल्लेख छ । 'लैङ्गिक समानताको बलियो आधारः सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार' भन्ने सङ्कल्पका साथ आज अन्तर्राष्ट्रिय महिला श्रमिक दिवस मनाइँदैछ ।

## महिला दिवसमा गृह श्रमिक संघ कास्कीको विविध कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन



देशभर बुधबार ११३ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइएको छ । दिवसका अवसरमा र्‍याली, अन्तरक्रिया, सहयोग हस्तान्तरण जस्ता विविध कार्यक्रम गरिएको छ।

'रोजगार तथा मर्यादित कार्यका लागि महिला हिंसा तथा दुर्व्यवहार रहित कार्यस्थलको निर्माण गरौं' भन्ने मूल नाराका साथ नेपाल गृह श्रमिक संघ कास्कीले पनि विविध कार्यक्रम गरेको छ । संघले धुप बनाउने तालिम, पोखरा १७ स्थित मानव सेवा आश्रमका लागि खाद्यान्न, लत्ता कपडा, औषधी सहयोग र सम्मान कार्यक्रम गरेको अध्यक्ष गिता पंगेनी ले जानकारी दिनुभयो ।

कार्यक्रममा महिलाका क्षेत्रमा महत्वपूर्ण कार्य गरी योगदान गरेको भन्दै कुलदेवी बराल, लालीमाया रेग्मी, मिरादेवी आचार्य र माया लामिछाने सापकोटालाई सम्मान गरिएको छ । कार्यक्रममा बोल्दै संविधानसभा सदस्य शारदा पौडेलले देशका हरेक परिवर्तन, समाज रुपान्तरण र मुलुक निर्माणमा महिलाको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो । नेपाल ट्रेड युनियन काँग्रेसका केन्द्रीय सदस्य जित बहादुर गुरुङ, गण्डकी प्रदेश अध्यक्ष मुरारी शर्मा, कास्कीका अध्यक्ष विजयराज भण्डारीले हरेक क्षेत्रमा महिलाको सहभागिता आवश्यक रहेको बताउनुभयो । त्यस अवसरमा नेपाली काँग्रेसका महासमिति सदस्य रङ्गिला आचार्य, कोपिला तिवारी, नेपाली काँग्रेस कास्की सहसचिव नवीन सिग्देल, नेपाल कारागार श्रमिक संघका केन्द्रीय उपमहासचिव केशवराज भण्डारी, नेपाली काँग्रेस पोखरा १७ का अध्यक्ष देवराज आचार्य, नेपाल ट्रेड युनियन काँग्रेस कास्कीका निवर्तमान अध्यक्ष कुलदेवी बराल, सचिव रुद्र तिमिल्सिना, नेपाल गृह श्रमिक संघ कास्कीकी संस्थापक अध्यक्ष लालीमाया रेग्मी, महिला नेतृ माया लामिछाने सापकोटा लगायतले बोल्नुभएको थियो । नेपाल गृह श्रमिक संघ कास्कीका अध्यक्ष गिता पंगेनीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष सपना गिरीले स्वागत, सचिव ज्ञानु श्रेष्ठ र सदस्य विद्या पराजुलीले कार्यक्रम संचालन गर्नुभएको थियो । कार्यक्रमका लागि सुजल डेरी, रारा आहा चाउचाउ र डावर जुसले सहयोग गरेका थिए ।

## महिला दिवसमा हस्तकला प्रदर्शनी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन



पोखरास्थित महिला सीप विकास संस्थाले ११३औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा बुधबार हस्तकला प्रदर्शनीको आयोजना गऱ्यो । सभागृहमा आयोजित प्रदर्शनीलाई स्वदेशी तथा विदेशी नागरिकले चाखपूर्वक अवलोकन गरे ।

विसं २०३२ मा महिला दिवसकै दिन स्थापना भएको सो संस्थाले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसलाई विशेषरूपमा मनाउँदै आएको छ । संस्थामा आबद्ध महिला उद्यमीले तयार पारेका हस्तकलाका सामग्री प्रदर्शनीमा राखिएको थियो । संस्थाले हस्तकलाका सामान उत्पादन र बिक्रीवितरण गर्दै आएको छ । महिलाको आर्थिक उत्थान र रोजगारी सिर्जना गर्ने उद्देश्यले ४७ वर्षअघि उक्त संस्था स्थापना गरिएको थियो । हालसम्म २१ हजार महिलालाई हस्तकला सीप प्रदान गरिएको संस्थाका कार्यकारी निर्देशक रामकली खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार हाल संस्थामा तीन सय ५० उद्यमी महिला आबद्ध छन् । संस्थाद्वारा सञ्चालित उद्योगमा धागो, अल्लो, हेम, ऊन, मकैको खोस्टालगायत स्थानीय कच्चापदार्थको प्रयोग गरेर सामान उत्पादन गर्दै आएको छ । "यहाँ उत्पादित सामान अमेरिका, इटाली, जर्मनीलगायतका देशमा निर्यात हुँदै आएको छ", कार्यकारी निर्देशक खड्काले भन्नुभयो, "कोभिड-१९ पछि हस्तकला व्यापार केही खस्केको छ, उद्यममा लाग्ने महिलाको सङ्ख्या पनि घटेको छ ।" पहिले उक्त संस्थामा छ सय उद्यमी महिला आबद्ध थिए । संस्थाको अन्तर्राष्ट्रिय बजार हेर्ने रश्मी शाक्यले वार्षिक रु दुई करोड बराबरको सामान विदेश निर्यात हुने गरेको बताउनुभयो । नेपाली बजारमा भने उत्पादनको २० प्रतिशत सामान मात्र खपत हुने उहाँको भनाइ छ । "हस्तकलाको सामान महँगो पर्ने भएकाले नेपाली ग्राहकको पहुँचमा खासै पर्दैन, पर्यटकीय क्षेत्र लेकसाइड, ठमेल जस्ता ठाउँमा बढी बिक्री हुन्छ", शाक्यले भन्नुभयो । हस्तकला प्रदर्शनी बेलायत, भारतलगायतका देशमा पनि गर्ने तयारी भइरहेको संस्थाले जनाएको छ । उक्त संस्थाले सहकारी र शिशु स्याहार केन्द्र पनि सञ्चालनमा ल्याएको छ । सो अवसरमा उद्यमी, पत्रकारलगायत सम्मानसमेत गरिएको थियो । प्रदर्शनीको उद्घाटन पोखरा महानगरका प्रमुख धनराज आचार्यले गर्नुभएको थियो । 'लैङ्गिक समानताको बलियो आधार : सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार' भन्ने सङ्कल्पका साथ आज अन्तर्राष्ट्रिय महिला श्रमिक दिवस मनाइएको छ ।

## कास्की अन्नपूर्णका घर-घर र टोल-टोलमा एमालेको अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन



ने क पा एमाले अन्नपूर्ण गाउँपालिका कमिटीले मिसन ग्रास रुट कार्यक्रम अन्तर्गत मंगलबार कास्किको अन्नपूर्ण गाउँपालिका वडा नं. ५ भोवाङमा वडा कमिटिको बिस्तारित बैठक सम्पन्न भएको छ।

बैठक केन्द्रिय कमिटी सदस्य कल्पना चापागाईंको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। चापागाईले संगठन मजबुत बनाउदै देशको समृद्धिका खातिर बलियो एमाले यो अभियानको लक्ष्य भएको हुँदा टोल टोल र घर घरमा पुग्न आग्रह गर्नुभयो । उक्त बैठकमा प्रदेश कमिटी सचिवालय सदस्य तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेल, गण्डकी प्रदेश कमिटी सचिवालय सदस्य दिपक पौडेल, प्रदेश कमिटी सदस्य हरिकृष्ण भट्टराई, जिल्ला कमिटी सदस्य कृतिनाथ देवकोटा, सो पार्टीका अन्नपूर्ण गाउँपालिका कमिटी अध्यक्ष विवेक देवकोटा लगायतले अभियानको बारेमा प्रकाश पार्नुभएको थियो ।

यसअघि ने क पा (एमाले) अन्नपूर्ण गाउँपालिका कमिटी कास्कीको पूर्ण बैठकले संगठन सुदृढीकरण राष्ट्रिय अभियान अन्तर्गत उक्त अभियान संचालन गर्ने निर्णय गरेको थियो । बैठकले टोलदेखि वडा सम्मका विभिन्न कार्ययोजना तयार गरेको गण्डकी प्रदेश कमिटी प्रचार विभाग सदस्य रामजी प्रसाद लम्सालले जानकारी दिनुभयो । यसअघि सो अभियान अन्तर्गत पालिकाका वडा न ११, १०, ६ र ५ बैठकहरू सम्पन्न हुनुका साथै अग्रजहरूको सम्मान कार्यक्रम सम्पन्न भैसकेका छन ।

बैठक ने क पा (एमाले) गाउँपालिका वडा न. ५ कमिटीका अध्यक्ष लाल बहादुर के.सि. को अध्यक्षतामा सम्पन्न भएको थियो भने स्वागत सदाखर पौडेल र संचालन गोबिन्द पौडेलले गर्नुभएको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# रेडियो जननीको दशौँ वार्षिकोत्सव, नारी जननी अवार्डवाट सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन

पद्मावती मिडिया प्रालिद्धारा सञ्चालित रेडियो जननी ९०.६ मेगाहर्जले आफ्नो दशौँ वार्षिकोत्सव मनाएको छ। ११३ औँ अन्तर्राष्ट्रिय महिला दिवसको अवुरमा रेडियो आफ्नो वार्षिकोत्सव मनाएको हो।

पोखरा आयोजित कार्यक्रमको पोखरा महानगरपालिका प्रमुख मेयर धनराज आचार्यले गर्नुभएको थियो। उक्त अवसरमा बोल्दै मेयर आचार्यले अझै पनि हामी पछाडी नै रहेको भन्दै महिलाहरु ३३ प्रतिशतमा रमाएर बस्न नहुने बताउनुभयो । सुचनाको विकाससँगै असर सञ्चारकर्मी उत्पादनमा हामी चुकेको उहाँको भनाई थियो । महिला दिवसमा महिला उद्यमशिलताको चर्चा कम हुने आचार्यले बताउनुभयो । उहाँले ह्याण्डीक्राफ्टको प्रमोशन गर्नुपर्ने बताउँदै व्यक्तिगत प्रयोगको लागि मात्र नभएर समाजलाई फाईदा हुने किसिमले प्रयोगमा ल्याउनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा स्वागत गर्दै कार्यक्रम तथा रेडियोका अध्यक्ष हिरा भट्टराईले रेडियोले महिला मुद्धालाई आवाजमा रुपान्तरण गरि



प्रसारण मात्रै नभएर टोल टोलमा पुगेर महिला दिदिबहिनीहरुसँग प्रत्यक्ष सहकार्य गर्दै सीपमूलक तालिमहरु सञ्चालन गर्ने, महिला दिदिबहिनीहरुलाई अगाडी बढाउन उत्प्रेरणा जगाउने जस्ता अभियानहरु पनि सञ्चालन गर्दै आईरहेको बताउनुभयो। भट्टराईले रेडियो जननी ९०.६ मेगाहर्जले आमा अक्षकोष पनि स्थापना गरेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "जसको सुरुवात हामी आफैले हाम्रो आमाको नाम बाट अक्षकोष स्थापना गरेर सुरुवात गरेका छौ।" भट्टराईका अनुसार रेडियोले यही बर्षबाट रेडियो जननीको आजिवन सदस्यता पनि प्रदान गर्न सुरुवात गरेका छ जसको संयोजक सामाजिक अभियान्ता मैया थापाले गर्नुभएको छ।

उक्त अवसरमा जननी अवार्डवाट सामाजिक अभियन्ता मैया थापा, पद्यमावती अवार्डवाट क्यान्सर विरुद्धको अभियानका अभियन्ता लक्ष्मि शर्मा भट्टराई र स्याबी अवार्डवाट गुन्यु चोलो बुटिकका सुष्मा पाण्डेलाई सम्मान गरिइएको थियो । सम्मानित तीनै जनाको परिषय रेडियोका कार्यक्रम प्रस्तोता सबु पाठकले गर्नुभएको थियो । रेडियोका संस्थापक तथा सल्लाकार वरिष्ठ पत्रकार नारायण कार्कीले संस्थाको बारेमा जानकारी गराउनुभएको कार्यक्रममा अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष चन्द्रकला अधिकारी, पोखरा महानगर वडा नं. २ का वडाध्यक्ष दिवस प्रधानाङ्ग, गण्डकी प्रदेश सामाजीक विकास कार्यालयका अधिकृत प्रमुख इन्द्रबहादुर थापा, पृथ्वीनारायण क्याम्पसका प्राध्यापक डा.कुष्माकर न्यौपाने, सम्मानित व्यक्तित्वत्रय मैया थापा, लक्ष्मी शर्मा भट्टराई, सुष्मा पाण्डे, गृहलक्ष्मी ग्यास डिपोका सञ्चालक धर्मराज वर्तौला लगायतले बोल्नुभएको थियो । कार्यक्रममा रेडियोका आजीबन सदस्यहरुलाइ प्रमुख अतिथिवाट प्रमाणपत्र वितरण गरिइएको थियो । उक्त अवसरमा उद्यमशिलता सम्बन्धी अभिमुखीकरण तथा मानव अधिकारका लागि कानुनी सचेताना कार्यक्रम पनि आयोजना गरिएको थियो। कानुनी सचेतनाका लागि प्रहरी कार्यालय कास्कीले र उद्यमशिलताको लागि तालिम परामर्शदाता भक्तराज रसाईलीले सहजीकरण गर्नुभएको थियो । कार्यक्रम संयोजक सविता शेरचनले धन्यबाद ज्ञापन गर्नुभएको कार्यक्रमको सञ्चालन रेडियोका वरिष्ठ कार्यक्रम प्रस्तोता जमुना वर्षा शर्माले गर्नुभएको थियो।

# आनन्द टोल विकास संस्था पोखरा-१४ चाउथेको अध्यक्षमा शिला थापा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन

आनन्द टोल विकास संस्थाको १३ औं साधारण सभा तथा छैटौं अधिवेसन बुधबार नारी दिवसको दिन सम्पन्न भएको छ।

टोल विकास संस्थाको अधिवेशनले शिला थापाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । जसको उपाध्यक्षमा धन बहादुर नेपाल क्षेत्री, सचिवमा दिपा ढकाल, सहसचिवमा रामभक्त भट्टराई रकोषाध्यक्षमा अप्सरा थापा रहेका छन् । यसैगरी सदस्यमा सुवाश पौडेल, सन्तोष घिमिरे, गितादेवि शर्मा, मिठु विसुन्के, श्यामकृष्ण चापागाई र नुनुमाया महर्जन रहनुभएको छ । निर्वाचित कार्यसमितिलाई निर्वाचन समितिका संयोजक विष्णु अधिकारीले सपथ ग्रहण गराउनु भएको थियो । उक्त कार्यक्रमको प्रमुख अतिथि वडा नं. १४ का वडा अध्यक्ष बोधबहादुर कार्की रहनु भएको थियो । सो अवसरमा कार्कीले वडाको विकासमा टोलविकास संस्थाको महत्वपूर्ण भूमिका रहने हुदाँ आफूले टोलको विकासलाई नै प्राथमिकतामा



राखेको बताउनुभयो। कार्यक्रमको अध्यक्षता टोल विकास संस्थाका अध्यक्ष विश्वनाथ ओझाले गर्नु भएको थियो भने विशेष अतिथि वडा नं. १४ का वडा सदस्य कृष्णहरि काफ्ले रहनु भएको थियो । टोलका कार्यसमिति पदाधिकारहरु, मोदी गा.वि.का शिक्षा प्रमुख झक प्रसाद गौतम लगायतले आ-आफ्ना मन्तब्य राखी टोललाई सम्बृद्ध पार्न आफूहरु सबै जना एकजुट हनुपर्नेमा जोड दिनुभएको थियो । साथै टोलका जेष्ठ नागरिक ८२ वर्षीय त्रिवेणी गुरुङ, ८१ वर्षीय ज्ञानुमाया रानाभाट, ७९ वर्षीय जगन कुमारी गुरुङ, ७९ वर्षीय सिरमती गुरुङलाई दोसल्ला ओडाई जेष्ठ नागरिक सम्मानपत्र प्रदान गरिएको थियो। सो अवसरमा संस्थालाई सहयोग गर्ने खडक बहादुर गुरुङलाई पनि सम्मान गरिएको थियो।

संस्थाको नयाँ सदस्य लिने सदस्यहरुलाई पनि प्रमाण पत्र प्रदान गरि सम्मान गरिएको थियो। कार्यक्रममा संस्थाको आयव्याय तथा प्रगति विवरण समेत प्रस्तुत गरिएको थियो । निर्वतमान कोषाध्यक्ष शिला थापाले संचालन गर्नुभएको उक्त कार्यक्रम वनभोज सहित अर्घौको भ्यू पार्क स्थित खराने ठाउँमा भएको थियो । कार्यक्रमको अन्तमा निर्वतमान अध्यक्ष विश्वनाथ ओझाले मन्तव्य राख्नु भएको थियो भने नवनिर्वाचित अध्यक्ष शिला थापाले आफूलाई सबैबाट सहयोगको अपेक्षा समेत गर्नुभएको थियो।

# वडा १२ स्थित सिद्धार्थ तमु समाजको एक दिने भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन

पोखरा महानगरपालिका वडा नं १२ सेती नहर स्थित सिद्धार्थ तमु समाजले एक दिन भ्रमण बुधवार सम्पन्न गरेको छ।

९१ जना सदस्य लिएर छिमेकी जिल्लामा रहेका पर्यटक क्षेत्र देखि धार्मिक स्थानको पहिचना गर्ने उद्देश्यले भ्रमण गरिएको हो। सो दिन स्याङजाको साल्मे डाँडा स्थित गोर्खा स्मारक,



पुम्दी कोट, चाइनीज गुम्बा, गुप्तेश्वर गुफा र डेवीड फल हुदै आफ्नै भवनमा आएर भ्रमण सकिएको समाजका सदस्य नौ माया गुरुङले वताइन्। नियमित भ्रमणले सदस्यलाइ पर्यटक स्थलको संरक्षण वारे जानकारी सँगै पहिचानले पर्यटन विकासमा ठूलो सहयोग पुग्ने सिद्धार्थ तमु समाजका अध्यक्ष सु.केहेर सिंह गुरुङले वताए । समाजको सदस्यहरुलाइ अन्य जिल्लाको वारेमा चिनाउनु भ्रमणको उद्देश्य रहेको अध्यक्ष सु. गुरुङले भने।

# माछापुच्छ्रे माविको रमाइलो बनभोज

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन

सार्दिखोला पोखरा सम्पर्क समिति र माछापुच्छे मावि भुर्जुङखोलाका शिक्षक,व्यवस्थापन समितिका सदस्यहरूको बनभोज कार्यक्रम बुधबार सम्पन्न भयो।

दिपाङ तालनेर भएको बनभोज कार्यक्रममा माछापुच्छे माविको शैक्षिक अवस्थाको बारेमा प्रधानाध्यापक सन्तोष आचार्यले जानकारी गराएका थिए । माछापुच्छे



गाउँपालिकाको उत्कृष्ट बन्न सफल सो विद्यालयको भौतिक र शैक्षिक विकासमा सार्दिखोला पोखरा सम्पर्क समितिले सहयोग गरेको छ। उच्च मावि संचालन गर्न ,विद्यालयको स्वर्ण महोत्सवको सफल आयोजना गर्न करिब दुई करोड संकलन गरेको सम्पर्क समितिका अध्यक्ष बम बहादुर गुरुङले जानकारी दिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका गुरुङले अन्य पूर्वाधारका कामा सहयोग गर्ने वचन दिए।

सार्दिखोला पोखरा सम्पर्क समितिका सल्लाहकार संयोजक अम्बर बहादुर गुरुङले माछापुच्छे माविको शैक्षिक र भौतिक विकासमा सहयोग गर्न सबैलाई आग्रह गरे।

माछापुच्छे मावि व्यवस्थापन समितिका अध्यक्ष बम बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा वेल्जियमबाट आएका स्वयंसेवी शिक्षिकाहरुले नृत्य प्रस्तुत गरेका थिए।

# ग्लोबल अवारेनेसद्धारा पत्रकार जमुना वर्षा र समाजसेवी धनमाया गुरुङ सम्मानित

**प्रतिक्षा पौडेल/ समिक्ष गौतम**
पोखरा, २४ फागुन

ग्लोवल अवारनेस फाउण्डेश कास्की नेपालको प्रथम साधारण सभा एवम् ११३ औं अन्तर िष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा पत्रकार जमुना वर्षा शर्मा र समाजसेवी धनमाया गुरुङलाई सम्मान गरेको छ।

लैङ्गिक समनताका लागि बलियो आधार सृजना प्रविधिमा महिलाको पहुँच भन्ने राष्ट्रिय नाराका साथ मनाइएको कार्यक्रममा गण्डकी प्रदेशका पूर्व सदस्य मिना गुरुङले शर्मा र गुरुङलाई सम्मान गर्नु भएको हो।

सम्मान कार्यक्रममा गुरुङले महिलाको क्षमता र दक्षता वृद्धिसँगै नेतृत्वमा महिला पुऱ्याउन आवश्यक रहेको बताउनुभयो । उहाँले नारिमुक्ती आन्दोलनको प्रणेता क्लारा जेटकिनले सन् १९११ मार्च ८ मा महिला कामदारमाथि भएको श्रम र शोषणाका विरुद्ध आवाज उठाएको दिनको स्मरण गर्दै शुरु भएको दिवसले पछिल्लो समय महिलाको हक अधिकारका आवाज खोज्नका लागि महत्वपूर्ण



दिन बन्दै गएको धारणा राख्नुभयो। कार्यक्रममा सम्मानित पत्रकार महासंघ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्माले ८ मार्च महिलाहरूको उत्सवको दिन रहेको बताउँदै आपनो भुमिकाको खोजि सहित महिला अघि बढ्नु पर्ने बताउनुभयो । उहाँले आवाज कुनै छाल होइन तर उर्ले पछि परिवर्तन ल्याउने जनाउँदै आफनो अधिकार सहित कर्तब्यको पालना गरेर परिवर्तनको पाइला चाल्नु पर्ने बताउनु भयो । उहाँले सम्मानले आगामी दिनमा पत्रकारिता मार्फत समाजका लागि अझ थप जिम्मेवार भएर काम गर्न थप ऊर्जा मिलेको बताउनुभयो । संस्थाका अध्यक्ष चन्द्रा शर्मा महिला आन्दोलन र मुक्तिका लागि शुरुवात गरिएको आजको दिन महिलाको लागि विशेष रहेको बताउनभयो। उहाँले हरेक क्षेत्रमा महिलको गर्विलो उपस्थितका लागि संस्था सचेतना देखि विभिन्न तालिम तथा कार्यक्रम गर्दै आएको जनाउँदै समाजमा योगदान पुरयाएका दुई व्यक्तिलाई महिला दिवसमा सम्मान गरिएको बताउनुभयो।

कार्यक्रममा सम्मानित व्यत्तित्व धनमाया गुरुङ, सहसचिव अन्जिता बास्तोला, उपाध्यक्ष विष्णु लम्साल लगायतले संस्थाका गतिविधि सहित महिला दिवसको बारेमा आफ्नो धारणा राख्नुभएको थियो।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# कस्तो राष्ट्रप्रमुख छान्ने ?

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको तेस्रो राष्ट्रपतिका लागि बिहीबार निर्वाचन हुँदैछ । निर्वाचनमा आठ दलीय गठबन्धनबाट रामचन्द्र पौडेल र एमालेबाट सुवासचन्द्र नेम्वाङ राष्ट्रपतिका उम्मेदवार छन् । राष्ट्रपति निर्वाचन कार्यकारी राष्ट्रप्रमुख जस्तै बन्न पुगेको छ । राष्ट्रपति पदमा पहिलोपटक मधेसी समुदायका डाक्टर रामवरण यादव, दोस्रोपटक खसआार्य समुदायको महिला विद्या देवी भण्डारीले कार्यकाल पुरा गरेका छन । तेस्रोपटक जनजाति समुदायबाट चुनिने आम नेपालीले गरेका थिए । प्रतिस्पर्धा हुँदा पनि त्यही समुदायबाट हुन सकेको भए राष्ट्राध्यक्ष आदिवासीजनजातिले हाम्रो समुदायको छ भनेर गर्व गर्ने अवस्था आउने थियो । राजनीतिक दलका नेताहरू दलको साँघुरो घेराभित्र सिमित हुन पुगे । राजनीति सिमित वर्गको पकड बन्न पुगेको छ । राष्ट्रपति पदलाई दल विशेष र नियन्त्रित अस्थिरता चाहनेको कठपुतली बनाउन खोजिएको छ ।

निर्वाचनको मुखमा राष्ट्रपति आलङ्कारिक हुन्, विगतका राष्ट्रपतिले यसको सीमा नाघे भन्ने भाष्य बनाउन खोजिएको छ । नेपालको संविधान र कानुनले कहीँ कतै पनि राष्ट्रपतिलाई आलङ्कारिक भन्दैन । राष्ट्रपति केवल देखाउने गहना मात्र होइन । राष्ट्रपतिलाई नेपालको संविधानले निश्चित संवैधानिक दायित्वहरू दिएको छ । कानुनी जिम्मेवारीहरू सुम्पिएको छ । त्यसैले राष्ट्रपति नेपालको प्रचलित कानुनको अधीनमा रही संवैधानिक दायित्वहरूको निर्वाह गर्ने संवैधानिक पद हो । यसलाई केवल आलङ्कारिक भन्नुको अर्थ दक्ष प्रजापतिको टाउको जस्तो बनाई नेपाललाई अभिभावक विहीन, संरक्षक विहीन र कार्यकारीका लागि हुने खिचातानीमा मात्र राजनीतिक सर्वोच्चता स्थापित गर्ने गलत प्रयत्न हो । नेपालको राष्ट्रपति संविधान, लोकतान्त्रिक गणतन्त्र, राष्ट्रिय एकता, स्वाधीनता, सद्भावको संरक्षणका निम्ति सदैव सजग र सचेत व्यक्तिको अपेक्षा गर्दछ । तसर्थ राष्ट्रपतिले आफ्नो संवैधानिक दायित्वलाई सदैव अङ्गीकार गरिरहन जरुरी छ ।

राष्ट्रपतिलाई दलीय मानिएको छैन, त्यसैले गठबन्धनका उम्मेदवार वा एमालेका उम्मेदवार भनी चित्रित गर्नु आफैमा उपयुक्त होइन । राष्ट्रपतिका उम्मेदवार योग्यता पुगेका नेपाली नागरिक हुन् । उनले कुनै दल, समीकरण वा गठबन्धनको प्रतिनिधित्व गर्दैनन् । कुनै दल वा दलका समूहले निश्चित उम्मेदवारलाई आफ्नो समर्थन छ भन्न सक्छन्, तर मतदाता (संघीय र प्रदेश संसद्ले) सोही अनुरूप नै मतदान गर्नुपर्छ भन्ने छैन । राष्ट्रपति निर्वाचन सम्बन्धी कानुन अनुसार राष्ट्रपति निर्वाचनमा मतदाताका रूपमा भाग लिने संघीय र प्रदेश सांसदहरू स्वतन्त्र मतदाता हुन्, उनीहरूले आफ्नो विवेक, अनुभव र आफ्ना मतदाताको प्रतिनिधित्व गर्दै राष्ट्रपतिको छनौट गर्नुपर्नेछ ।

यसरी छनौट गरिरहँदा उम्मेदवार भएका व्यक्तिले विगतमा खेलेको भूमिका, उसको सन्तुलित व्यवहार, व्यक्तित्व, क्षमता, समावेशिता लगायतका पक्षलाई ध्यान दिन जरुरी छ । विगतमा विवादित भएका, विगतमा पदमा रहँदा चरम पक्षपाती व्यवहार गरेका व्यक्ति यदि राष्ट्रपति भए भने यो देश विभाजित मानसिकतामा पुग्नेछ र राष्ट्रिय एकता खलबलिनेछ । राष्ट्रिय एकता मजबुत बनाउन नसक्नेले यो देशको संविधान र व्यवस्थाको रक्षा गर्न सक्छ भन्नेमा शङ्का रहन्छ । राष्ट्रपति निर्वाचनमा सही उम्मेदवार छनौट गरी राष्ट्रिय एकता, स्वाधीनता, संविधान र व्यवस्थाको सही संरक्षक छनौट गर्न सफल हुनुहोस्, सबै मतदातामा शुभकामना !



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# लोमान्थाङमा हिमपात, तल्लो मुस्ताङमा वर्षा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ फागुन

उपल्लो मुस्ताङको लोमान्थाङमा बुधबार बिहानदेखि हिमपात भएको छ । मुस्ताङमा यो वर्ष पहिलो पटक हिउँ परेको हो । जिल्ला सदरमुकाम जोमसोमलगायत तल्लो मुस्ताङमा भने वर्षा भएको छ । लोमान्थाङका छिरिङ वाङ्दी गुरुङले यो वर्षको पहिलो पटक हिउँ परेको बताउनुभयो । मार्फामा रहनुभएका घरपझोङ गाउँपालिकाकाअध्यक्षमोहनसिंह लालचनले तल्लो क्षेत्रमा पानी परिरहेको र डाँडामा हिउँ जमेको बताउनुभयो । “जमिन तातेकाले हिउँ जमिसकेको छैन,” उहाँले भन्नुभयो “डाँडा भने सेताम्मे भएका छन् ।”

मौसम चिसो भएपछि जमिनमा हिउँ जम्ने लालचनले बताउनुभयो । खेतीपातीका लागि ढिलै भए पनि हिउले फाइदा गरेपनि वर्षाले राम्रो नगर्ने कृषि प्राविधिकको भनाइ छ । “हिउँले शितोष्ण बालीलाई फाइदा पुग्छ तर पानी मात्र पर्दा त्यति राम्रो मानिदैन्”, कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख प्रकाश बस्ताकोटीले भन्नुभयो, “हिउँले जमिनको सतहलाई भित्री सतहसम्म सिँचाइ गर्ने, अन्नबाली सप्रिनुको साथै फलफूल र तरकारी फल्न र फूल फुल्नमा सहयोग पुग्छ ।” स्याउको फूल खेल्न र परागसेचन प्रक्रियाका लागि माइनस डिग्रीको तापक्रम आवश्यक पर्छ ।

# महिला हाफ खुल्ला म्याराथनको उपाधि न्यौपानेलाई

**पोखरापत्र संवाददाता**
तनहुँ, २४ फागुन

तेस्रो महिला हाफ खुल्ला म्याराथनको उपाधि त्रिभुवन आर्मी क्लब काठमाडौंकी पूर्णलक्ष्मी न्यौपानेले चुम्नुभएको छ ।

व्यास नगरपालिकाद्वारा अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा आज यहाँ आयोजित म्याराथनमा कूल सहभागी ६४ धावकलाई पछि पार्दै जुम्लाकी न्यौपानेले प्रथम स्थान हासिल गर्न सफल बन्नुभयो । व्यास-३ व्यास गुफादेखि व्यास -११ को तनहुँसुरसम्मको २१ किमी दूरी धावक न्यौपानेले एक घण्टा ४७ मिनेट ५१ सेकेन्डमा पार गर्नुभएको हो ।

त्यसैगरी, सोलुखुम्बुकी अनिता राई द्वितीय हुनुभएको छ । उहाँले एक घण्टा ५२ मिनेट २४ सेकेन्डमा दूरी पार गर्नुभएको हो । जुम्लाकी विश्वरुपा बुढाले एक घण्टा ५७ मिनेट ३२ सेकेन्डमा दूरी पार गरी तृतीय हुनुभयो । प्रतियोगितामा प्रथम हुने धावकले रु ४१ हजार ७९, द्वितीय हुनेले रु ३१ हजार ७९ र तृतीय हुने धावकले रु २१ हजार ७९ का साथमा मेडल र ट्रफी र प्रमाणपत्र प्रदान गरिएको छ । त्यसैगरी, गुल्मीकी गीता विक, गोरखाकी अमृता गुरुङ र नवलपरासीका सीमा चौधरी सान्त्वना भएका छन् । उनीहरूले क्रमशः रु ११ हजार ७९ का दरले पुरस्कार तथा मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन् ।

विजयी धावकहरूलाई व्यास नगरप्रमुख बैकुण्ठ न्यौपाने र उपप्रमुख इन्दिरा दरैले संयुक्त रूपमा पुरस्कार वितरण गर्नुभएको थियो । सो अवसरमा नगरप्रमुखन्यौपानेलेखेलकुदका माध्यमबाट पर्यटन प्रवर्द्धन गर्न म्याराथनको आयोजना गरेको बताउनुभयो । व्यास गुफादेखि सफा सडक हुँदे तालघरे, मुसेखोला, घाँसीकुवा, परासर मार्गको सेरा, बेलटारी, अर्चलचौर, धरमपानी हुँदै तनहुँसुर दरबारसम्म पुगेर म्याराथनको अन्त्य भएको थियो ।

# बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि नौ भाषामा सामग्री

**पोखरापत्र संवाददाता**
तनहुँ, २४ फागुन

बाह्रै महिना शीतल हावापानी । जाडो महिनामा बिहानै सूर्योदय । भक्तपुरे शैलीका घरहरू । समुन्द्र सतहबाट एक हजार ३० मिटर उचाइमा अवस्थित पर्यटकीय नगरी बन्दीपुरको पहिचान हो । बन्दीपुर नेपालमा मात्र नभई विदेशमा समेत उत्तिकै प्रख्यात छ । बन्दीपुरको सौन्दर्यता अवलोकनका लागि विभिन्न देशबाट पर्यटक यहाँ आउने गरेका छन् । कोभिडकालभन्दा अगाडि भीडभाड रहने बन्दीपुरमा यतिबेला त्यस समय जस्तो चहलपहल त छैन तर बिस्तारै लय लिने प्रयासमा छ । बन्दीपुर आउने विदेशी पर्यटकका लागि यहाँका गन्तव्यस्थलबारे जानकारी दिन सजिलो होस् भन्ने हेतुले बन्दीपुर गाउँपालिकाले नौ भाषामा सामग्री तयार गरेको छ । नेपालीसहित विभिन्न नौ भाषामा बन्दीपुरका बारेमा सामग्री तयार गरिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो । “बन्दीपुर घुम्न आउने पर्यटकलाई यहाँका बारेमा स्वअध्ययन गरी जानकारी लिन सहज होस् भन्नका लागि क्युआरकोडमार्फत नौ भाषामा सामग्री तयार गरिएको छ”, अध्यक्ष थापाले भन्नुभयो, “यसले गर्दा विदेशी पर्यटकलाई बन्दीपुर घुमघाममा सहयोग पुग्नेछ ।”

सारङ नामक संस्थासँगको सहकार्यमा गाउँपालिकाले क्युआरकोडसहितको सामग्री तयार गरेको हो । बन्दीपुरका बारेमा जानकारी दिने उक्त क्युआरकोड बजार क्षेत्र, विभिन्न होटलमा राखिएको छ । गाउँपालिकाले नेपाली, चिनियाँ, अङ्ग्रेजी, फ्रेन्च, जर्मन, हिन्दी, स्पेनिस, सिन्हला र थाई भाषामा बन्दीपुरका बारेमा सामग्री तयार गरेको छ ।

क्युआरकोड ‘स्क्यान’ गरेपछि एउटा पेज खुल्नेछ । उक्त पेजमा भाषा छनोट गरी गाउँपालिकाका गन्तव्यका बारेमा जानकारी लिन सकिनेछ । जहाँ बन्दीपुरका संस्कृति, जातजातिका साथै घुम्नका लागि प्रमुख गन्तव्यका बारेमा जानकारी राखिएको छ । खड्गदेवी मन्दिर, थानीमाई मन्दिर, महालक्ष्मी मन्दिर, सिद्धगुफा मणि मुकुन्दसेन पैदलयात्रा (मिनी ग्रेटवाल), तीनधारा, झरना र पानीको फोहरा, टुँडिखेल, मणिमुकुन्द सेन दरबार, पदम पुस्तकालयलाई गाउँपालिकाले प्रमुख गन्तव्यका रूपमा सूचीकृत गरेको छ । गाउँपालिकाले तयार गरेको विभिन्न भाषाका सामग्रीले यहाँ आउने पर्यटकलाई सहज हुने पर्यटन व्यवसायीको विश्वास छ । बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसन प्रधान यो सामग्रीले बन्दीपुरको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताउनुहुन्छ । “यहाँका सबै होटल र सार्वजनिक स्थानमा क्युआरकोडसहितको सामग्री टाँसेका छौ, यसले गर्दा बन्दीपुर घुम्न आउने विदेशी पर्यटकले आफैं यहाँका बारेमा जानकारी लिन सक्नेछन्,” उहाँले भन्नुभयो । बन्दीपुरमा विशेषगरी चीन, फ्रान्स, जर्मनबाट पर्यटक आउने गरेका छन् । विदेशी पर्यटक यहाँको हावापानी, रहनसहन, रीतिरिवाज र पुरानो घर देखेर आकर्षित हुने गरेको होटल व्यवसायी वैश गुरुङ बताउनुहुन्छ । गाउँपालिकाले पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउन मिनी ग्रेटवाल निर्माण गरिरहेको छ । बन्दीपुर गाउँपालिका-२ स्थित थानीमाई मन्दिरबाट निर्माण सुरु गरिएको मिनी ग्रेटवाल मुकुन्देश्वरी डाँडामा पुगेर टुङ्गिन्छ । विगत दुई वर्षदेखि निर्माण सुरु भएको मिनी ग्रेटवाल निर्माण नसकिँदै पर्यटकको रोजाइमा पर्न थालेको छ । बन्दीपुर घुम्न आएका सबैजसोले उक्त ठाउँका बारेमा चासो लिने गरेका छन् । “बन्दीपुरमा नयाँ-नयाँ पूर्वाधार थप गर्ने उद्देश्यबमोजिम मिनी ग्रेटवाल निर्माण थालेका हौं”, गाउँपालिकाका अध्यक्ष थापाले भन्नुभयो । कूल साढे दुई किलोमिटर दूरी रहने मिनी ग्रेटवालसँगै यहाँ थप पूर्वाधार निर्माण गर्ने योजना छ । गुरुयोजना अनुसारका पूर्वाधार निर्माणका लागि रु १९ करोड लागत इष्टिमेट गरिएको छ । यहाँ थानीमाई मन्दिर, उद्यान, सेल्फी उद्यान, प्याराग्लाइडिङ गर्ने ठाउँ, नौ मिटर अग्लो बन्दीपुर लेखिएको स्तम्भ, घोडा शयर, पुष्पलाल स्मृति पार्क, मुकुन्देश्वरी पार्क लगायतका संरचना निर्माण गर्ने योजना छ ।

# कृषकलाई डेढ करोड अनुदान

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ फागुन

कृषि ज्ञान केन्द्र म्याग्दीले चालु आर्थिक वर्ष २०७९/८० मा रु डेढ करोडभन्दा बढी अनुदान वितरण गर्न फार्म, समूह र सहकारी छनोट गरेको छ ।

रु एक करोड ५१ लाख बजेट विनियोजन भएको १० वटा अनुदानका कार्यक्रममा छनोट भएका कृषि फार्म, सहकारी र समूहसँग सम्झौता थालिएको केन्द्रले जनाएको छ । केन्द्रका प्रमुख किरण सिग्देलले ९२ वटा कृषि फार्म, सहकारी र समूह अनुदानका कार्यक्रममा छनोट भएका जानकारी दिनुभयो । “सार्वजनिक सूचना आह्वान गरेर सङ्कलन भएका आवेदनको स्थलगत मूल्याङ्कन गरी मापदण्डमा पर्नेलाई छनोट गरिएको हो,” उहाँले भन्नुभयो, “छनोट भएकाहरूलाई सम्झौता गर्न बोलाएका छौं ।”

रु ३० लाख बजेट विनियोजन भएको साना सिँचाइ कार्यक्रममार्फत १५ वटा फार्म, सहकारी र समूहले सिँचाइ नहर, पाइप खरिद जडान र ट्याङ्की निर्माण गर्न कूल लागतको ९० प्रतिशत अनुदान पाउने भएका छन् । साना सिँचाइ कार्यक्रमका लागि २२ वटा आवेदन परेको थियो ।

केन्द्रका बाली संरक्षण अधिकृत सञ्जीव बास्तोलाले रु २५ लाख बजेट विनियोजन भएको आलु खेती प्रवर्द्धन कार्यक्रमका लागि १८ वटा आवेदन परेकामा छनोट भएका १० वटा समूहले प्रस्ताव गरेका कार्यक्रम गर्न कूल लागतको ५० प्रतिशत अनुदान पाउने बताउनुभयो । रु ६० लाख बजेट विनियोजन भएको साना व्यावसायिक कृषि फार्म कार्यक्रममा ९८ वटा आवेदन परेकामा ३० वटाले कूल लागतको ५० प्रतिशतका दरले अधिकतम रु दुई लाखसम्म अनुदान पाउने भएका छन् । रु पाँच लाख बजेट भएको बाँझो जग्गामा प्रोत्साहन कार्यक्रममा आवेदन पेस गरेका सबै १३ वटै फार्मले प्रतिरोपनी रु पाँच हजारका दरले अनुदान पाउनेछन् । कलस्टरमा रैथाने बाली कार्यक्रमका लागि सातवटाको आवेदन परेकामा पाँचवटा छनोट भएका छन् । ५० प्रतिशतका दरले अनुदान दिइने यो कार्यक्रममा रु पाँच लाख बजेट छ ।

आलु, दलहन, तेलहन र तरकारीको जिल्लास्तरमा बीउबिजन आत्मनिर्भर कार्यक्रममार्फत दुईवटा फार्मले रु तीन लाख अनुदान पाउनेछन् । रु १० लाख बजेट भएको विशेष बाली प्रवर्द्धन कार्यक्रममार्फत ६ वटा फार्म छानिएका छन् । ९० प्रतिशत अनुदान रहेको यो कार्यक्रममा १० वटा आवेदन परेको थियो । रु तीन लाख बजेट भएको क्षेत्रफलका आधारमा तरकारी उत्पादन प्रोत्साहन कार्यक्रमका लागि आठवटा फार्म छानिएका छन् । प्लास्टिक घरमा प्रति एक सय वर्गमिटर र खाली जग्गामा प्रतिरोपनी रु तीन हजारका दरले अनुदान पाउनेछन् । यो कार्यक्रममा नौवटा आवेदन परेको थियो । मसला प्रवर्द्धन कार्यक्रममा छनोट भएका दुईवटा फार्मले अदुवा, अलैँची, बेसार, प्याज, लसुन खेतीका लागि रु पाँच लाख अनुदान पाउने भएका छन् । फलफूल, तरकारी तथा नगदेबालीको बिरुवा नर्सरीको कार्यक्रममा चारवटा आवेदन परेकामा छनोट भएको एकवटा फार्मले रु पाँच लाख अनुदान पाउने कृषि ज्ञान केन्द्रका प्राविधिक श्यामशरण कुर्मीले बताउनुभयो । केन्द्र अन्तर्गतका अन्य कार्यक्रममा अनुदानका आवेदन पेस गरेकाहरूको पनि स्थलगत निरीक्षण र मूल्याङ्कनको काम भइरहेको छ ।

# राष्ट्रपति निर्वाचनमा राप्रपाले मतदान नगर्ने

**रासस**
काठमाडौं, २४ फागुन

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले बिहीबार हुने राष्ट्रपति निर्वाचनमा मतदान नगर्ने निर्णय गरेको छ ।

पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा आज करिब चार घन्टासम्म चलेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले मतदानमा सहभागी नभई तटस्थ बस्ने निर्णय गरेको हो । बैठकपछि सञ्चारकर्मीलाई जानकारी दिँदै राप्रपाका प्रवक्ता मोहन श्रेष्ठले बिहीबार हुने राष्ट्रपतिको निर्वाचनमा सहभागी नहुने र तटस्थ बस्ने निर्णय गरेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “भोलि हुने राष्ट्रपतिको निर्वाचनको सन्दर्भलाई लिएर केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा झन्डै चार घन्टा छलफल भयो । बैठकले निर्वाचनमा सहभागी नहुने र तटस्थ बस्ने निर्णय गरेको छ । पार्टी कार्यकर्ता, सुभेच्छुक एवं जनताको भावनाबमोजिम पार्टीले निर्णय लिएको हो ।” प्रवक्ता श्रेष्ठले राष्ट्रपति निर्वाचनमा आफ्नो पार्टीको भोट निर्णायक पनि नभएकाले तटस्थ बस्ने निर्णय लिएको उल्लेख गर्नुभयो । बिहबिार हुने राष्ट्रपतिको निर्वाचनमा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र नेकपा (एमाले) का उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ उम्मेदवार रहनुभएको छ । राष्ट्रपति निर्वाचनको मतदान बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म हुने तय गरिएको छ ।

# कालीगण्डकी प्रसारण लाइन : तीन वर्षदेखिको अवरोध हटाइँदै

**रासस**
पर्वत, २४ फागुन

राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी प्रसारण करिडोरअन्तर्गत कुश्मा–बुटवल खण्डको फलेवासमा भइरहेको अवरोध हट्ने भएको छ।

कालीगण्डकी करिडोर २२० केभी प्रसारण लाइन आयोजना निर्माणमा तीन वर्षदेखि फलेवास नगरपालिका–६ मा स्थानीयले अवरोध गरेपछि काम ठप्प बनेको थियो।

फलेवास–६ देवीस्थानस्थित विद्यालय र रङ्गशालामा क्षति पुग्ने भन्दै स्थानीयले प्रसारण लाइनको रुट सार्न माग गर्दै निर्माणमा अवरोध गरेका थिए। स्थानीयको अवरोधका कारण फलेवासमा प्रसारण लाइनका चार टावर निर्माण हुन सकेका छैनन्। लामो समयसम्म काम अघि बढ्न नसकेपछि नेपाल विद्युत् प्राधिकरणको टोलीले पहल थालेको हो। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसहित प्राधिकरण आयोजना व्यवस्थापन निर्देशनालयका उपकार्यकारी निर्देशक ताराप्रसाद प्रधान, आयोजना प्रमुख चन्दन घोषसहितको टोलीले स्थलगत निरीक्षण गरी काम अघि बढाउन पहल गरेको हो। टोलीले स्थानीयसँग छलफल गरेको थियो। कालीगण्डकी र यसका सहायक खोलामा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि यो लाइन महत्वपूर्ण रहेकाले निर्माणमा अवरोध नगरिदिन टोलीले आग्रह गरेको छ। लाइन अभावमा जलविद्युत् आयोजनाको विद्युत् मुख्यरुपमा वर्षायाममा प्रवाह गर्न नसकिएकाले यसबाट मुलुकलाई ठूलो क्षति भइरहेकाले निर्माणमा सहयोग गर्न कार्यकारी निर्देशक कुलमान घिसिङले अनुरोध गर्नुभएको छ। प्रसारण लाइनको टावर सार्न सम्भव भए/नभएको विषयमा प्राविधिक टोलीले चार/पाँच दिनभित्रमा सर्वेक्षण सम्पन्न गर्ने सहमति भएको छ। "प्रसारण लाइनमुनि विद्यालय पर्छ भन्ने स्थानीयको कुरा थियो। तर स्थलगत निरीक्षणका क्रममा विद्यालय नपर्ने देखिएको छ", घिसिङले भन्नुभयो– "सर्वेक्षण सम्पन्न भएपछि विद्यालयलाई प्राथमिकतामा राखी प्राविधिकरुपमा सम्भव भएसम्म टावरलाई रङ्गशालाको डिलतर्फ च्यापेर टावर निर्माण गर्ने सहमति भएको छ।" विद्यालयलाई जोगाएर प्राविधिकरुपमा सम्भव भएसम्म रङ्गशालालाई पनि कम असर पर्ने गरी टावर निर्माण गरिने घिसिङको भनाइ छ। कालीगण्डकी र यसका सहायक नदीमा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि नेपाल सरकार, प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा कालीगण्डकी करिडोर प्रसारण लाइनको निर्माण सुरु गरिएको हो। आयोजनाअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका–३ दानाबाट पर्वतको कुश्मा नगरपालिका–२ खुर्कोटसम्मको ३९ दशमलव छ किलोमिटर खण्ड निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको छ। खुर्कोटमा२२०/१३२केभीरदानामा २२०/१३२/३३ केभी सबस्टेसन निर्माण गरिएको छ। करिडोरको दोस्रो खण्डअन्तर्गत कुश्माबाट नवलपरासीको सुनवल नगरपालिका–१३ भुमहीस्थित (नयाँ बुटवल सबस्टेसन)सम्मको ८८ किलोमिटर प्रसारण लाइन निर्माण अन्तिम चरणमा छ। यस खण्डमा पर्ने दुई सय ३५ टावरमध्ये फलेवासमा पर्ने चारवटाको निर्माण बाँकी छ। प्रसारण लाइन निर्माण असारभित्रमा सम्पन्न गर्ने गरी काम भइरहेको आयोजना प्रमुख चन्दन घोषले जानकारी दिनुभयो।

# नारी दिवसमा महिला कैदीबन्दीलाई टेलिभिजन

**पोखरापत्र संवाददाता**
तनहुँ, २४ फागुन

एक सय १३औँ अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा महिला कैदीबन्दीका लागि टेलिभिजन प्रदान गरिएको छ। जिल्ला कारागार तनहुँमा रहेका महिला कैदीबन्दीलाई समसामयिक गतिविधि हेर्न र बुझ्न सहज बनाउने उद्देश्यले व्यास नगरपालिकाले टेलिभिजन प्रदान गरेको हो।

महिला कैदीबन्दी रहेको ब्लकमा टेलिभिजन नभएको र उहाँहरूलाई समसामयिक गतिविधि जान्ने अधिकार प्राप्त भएको जिल्ला कारागार तनहुँका निमित्त प्रमुख नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो। "महिला कैदीबन्दीका लागि टेलिभिजन नगर उपप्रमुख इन्दिरा दौलगायत व्यास नगरपालिकाका जनप्रतिनिधिले आज कारागारलाई हस्तान्तरण गर्नुभएको छ", अधिकारीले भन्नुभयो।

नगरपालिकाले ३२ इन्चको टेलिभिजन महिला कैदीबन्दीको ब्लकका लागि सहयोग गरेको उहाँले बताउनुभयो। महिला बन्दीगृहमा रहेर विविध मुद्दामा कैद सजाय भोगिरहेका कैदीबन्दीलाई देशको गतिविधि तथा खेलकुदका गतिविधि हेर्न, बुझ्न पाउने अधिकारलाई पूर्ति गर्न नगरपालिकाले सहयोग गरेको व्यास नगरपालिकाका उपप्रमुख दरैले जानकारी दिनुभयो।

"केही दिनअघि मात्रै कैदीबन्दीको अवस्था अनुगमन गर्ने क्रममा महिला कैदीबन्दीले माग गरेपछि आज सहयोग गरेका हौँ", उपप्रमुख दरैले भन्नुभयो, "गल्तीको सजाय भोगिरहेका कैदीबन्दीले मानवअधिकार अनुसारको सेवा पाउनुपर्छ भनेर नगरपालिकाबाट सहयोग गर्ने व्यवस्थापन गरेका हौँ।"

# तीन वटा खानेपानी आयोजना सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ फागुन

म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा रू एक करोड ४० लाखको लागतमा तीन वटा खानेपानी आयोजना निर्माण सुरु भएको छ। गोर्खा वेल्फेयर ट्रस्ट र उपभोक्ताको लागत साझेदारीमा निर्माण हुने आयोजनाबाट एक सय दुई घरका पाँच सय ११ जनसङ्ख्या लाभान्वित हुनेछन्। कूल रु एक करोड ४० लाख १४ हजार नौ सय ३५ को लागतमा निर्माण सुरु भएको आयोजनाबाट उपभोक्ताको घर, विद्यालय र सार्वजनिकस्थलमा एक सय आठ वटा निजी धारा जडान गरिने गोर्खा वेल्फेयर ट्रष्टका परियोजना प्रबन्धक बेलबहादुर गुरुङले जानकारी दिनुभयो। "अन्नपूर्ण गाउँपालिकाको वडा नं ३ मा दाना बजार, द्वारी र ४ मा पटार खानेपानी आयोजना निर्माण सुरु भएको हो," उहाँले भन्नुभयो "संस्थाले कूल लागतको ६३ देखि ६६ प्रतिशत साझेदारी गरेको छ।" यही फागुन महिनामा उपभोक्ता समितिसँग सम्झौता भएका आयोजना आगामी जेठ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। कूल रु ६७ लाख ६७ लागत अनुमान गरिएको दाना बजार खानेपानी आयोजना बाट निर्माण हुने ५१ धारा मार्फत २३० जनसंख्या लाभान्वित हुनेछन्। रु ४६ लाख ४० हजार ५५४ लागत अनुमान गरिएको द्वारी खानेपानी आयोजनामार्फत निर्माण हुने २६ धाराबाट ११२ र रु २६ लाख ७४ हजार ३१४ लागत अनुमान गरिएको पटार खानेपानी आयोजनाबाट निर्माण हुने ३१ वटा धाराबाट १५९ जनसंख्या लाभान्वित हुने संस्थाले जनाएको छ। दानाबजार, द्वारी र पटारमा यसअघि बनेका खानेपानी आयोजनाको संरचना र वितरण प्रणाली जिर्ण हुँदा स्थानीयबासीलाई समस्या भएको थियो। सबै घरमा निजी धारासहितको खानेपानी आयोजना निर्माण हुन थालेपछि स्थानीय उत्साहित भएका छन्। गोर्खा वेल्फेयर ट्रष्टले अन्नपूर्ण गाउँपालिकाको दश वर्षे खानेपानी सरसफाई तथा स्वच्छता योजना पनि तयार पारेको गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले जानकारी दिनुभयो। हाल खानेपानी र सरसफाईको अवस्था, आवश्यकता समेटिएको योजनाको आधारमा खानेपानी तथा सरसफाइको पुहँच विस्तारको योजना तथा कार्यक्रम सञ्चालन गरिने अध्यक्ष पुनले बताउनुभयो। खानेपानी विभागको मापदण्ड अनुसार अन्नपूर्णका शतप्रतिशत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउन २५ वटा थप आयोजना निर्माण गर्नुपर्ने, ९ वटा विभिन्न निकायमार्फत निर्माणाधिन रहेका र मौजुदा सहित रू ८९ करोड बजेट आवश्यक पर्ने योजनामा औल्याइएको छ।

# महिलाको नेतृत्व, महिलाकै सहभागिता

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ फागुन

प्रायः विकास निर्माणका काममा महिलालाई कम प्राथमिकतामा राखिन्छ। ज्यालामा विभेद र अवसरमा कम सहभागितासँगै विकास निर्माणका काममा पनि समस्या छन्। तर, महिलाले नै नेतृत्व गरेका योजनामा भने महिला सहभागिता उल्लेख्य भएको पाइएको छ। बागलुङको जैमिनी नगरपालिका–१० राङखानी न्वाराघाटदेखि सिर्जनाटोल जोड्ने पदमार्ग निर्माणमा महिलाको उत्साहपूर्ण सहभागिता छ। प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत रु तीन लाख ९२ हजार नौ सय ६६ को लागतमा आकर्षक पदमार्ग तयार गरिएको हो।

राङखानीको पर्यटकीय क्षेत्र हात्तीढुङ्गा जोड्ने लक्ष्यका साथ निर्माण गरिएको पदमार्गले स्थानीयवासीलाई पैदल यात्रामा सहजता थपेको छ। विशेषगरी बर्षातका समयमा साँघुरो गोरेटोमा यात्रा गर्दा चिप्लने डर थियो। साना बालबच्चालाई हिँड्न निकै कठिन रहेको गोरेटोलाई सुधार गरी चाक्लो, सिँढी र सोलिङ गरी पैदलमार्ग तयार गरेको न्वाराघाट सिर्जना टोल पदमार्ग उपभोक्ता समितिका अध्यक्ष खिमकुमारी थापाले जानकारी दिनुभयो।

उक्त पदमार्ग निर्माणपछि हात्तीढुङ्गासँगै मन्दिर जाने धार्मिक पर्यटकलाई पनि सहयोग पुगेको छ। उक्त पदमार्ग निर्माणको लागि उपभोक्ता समिति गठन गर्न भेला बोलाउने, बैठक सञ्चालन तथा बैठकमा निर्णय लेख्नेदेखि उपभोक्ता समितिको नेतृत्व र विकास निर्माणमा कामदारको रूपमा स्थानीय महिलाको सहभागिता थियो। उपभोक्ता समितिमा सबै महिला सदस्य मात्रै छन्। पदमार्ग निर्माण गर्दा पनि कामदार महिलानै थिए। विशेषगरी सोलिङ र सिँढी निर्माण गर्न स्थानीय दुई/तीन जना सिपालु पुरुषले सहयोग गरेपनि पैदलमार्ग चाक्लो बनाउने, खोलामा ढुङ्गा फोड्ने, छपनी निकाल्ने, ढङ्गा बोक्ने तथा सिँढी र सोलिङ गर्न पनि महिलानै अघि बढेको अध्यक्ष थापाको भनाइ छ। "हामीले ढुङ्गा फोड्न घन पनि हान्यौँ, छिनो पनि समात्यौँ" अध्यक्ष थापाले भन्नुभयो–"महिलाले अवसर पाए विकास निर्माणको काम पनि गर्न सक्छौँ।" यो वर्ष सिपालु पुरुष कामदारसँग सिँढी चिन्ने काम सिकेको हुँदा आगामी वर्ष अझै सहज हुने उहाँको भनाइ छ। पदमार्ग निर्माणमा ६ जना महिला कामदार खटिएका थिए।

प्रधानमन्त्री रोजगार कार्यक्रमले व्यक्तिगत क्षमता विकाससँगै दैनिकी चलाउनसमेत सहयोग गरेको समितिका सचिव राधा रानाले बताउनुभयो। घरमा बसेर फेसबुक र टिकटकमा दिन काट्नुभन्दा दुईचार पैसा हुने काम गाउँमै पाउँदा खुसी लागेको रानाको भनाइ छ। "बर्खामा मौसमी काम पाइन्छ, हिउँदमा कठिन थियो" रानाले भन्नुभयो– "रोजगार कार्यक्रम आएपछि घर व्यवहार चलाउन सजिलो भएको छ।"

उक्त समूहका सदस्य प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएदेखि निरन्तर कामदारकोरूपमाखटिँदैआएका छन्। जैमिनी नगरपालिकाले यो वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत १२ वटा योजना सञ्चालन गरेको छ। १२ योजनामध्ये छ योजनाको नेतृत्वमा महिला रहेको रोजगार संयोजक सुरेश पुनले बताउनुभयो। महिला नेतृत्वमा रहेको योजनामा तोकिएको समयमै काम सम्पन्न भएको संयोजक पुनको भनाइ छ। उनीहरूले दैनिक ६ सय ५६ रुपैयाँ पारिश्रमिक पाउँछन्।

# दुर्गम गाउँका खेतीयोग्य जमिन वर्गीकरण गरिँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ फागुन

छरिएका बस्ती। भौगोलिक विकटता र त्यसमाथि सिँचाइको सहज पहुँच नपुगेका उर्वर भूमि। जहाँ आलु, भाँगो र सिमीहरू लटरम्मै फल्छन्। बागलुङको तमानखोला गाउँपालिका उच्च पहाड र डाँडाकाँडाले घेरिएको हुँदा कृषकलाई निकै समस्या छ। खानेपानीको मुहान निकै टाढा–टाढा हुँदा सिँचाइको व्यवस्थापन गर्न पनि उत्तिकै कठिनाइ छ।

सिँचाइका लागि भिर, कुना कन्दरा र पहरा फोडेर कुलो बनाउन सम्भावना नै देखिँदैन। यद्यपि कृषकले जसोतसो जीवनयापन गर्न खाद्य उपात्दन गर्दै आएका छन्। सिँचाइको व्यस्थापना गर्न समस्या भए पनि गाउँपालिकाले उत्पादनका आधारमा खेतीयोग्य जमिनलाई पकेट क्षेत्रका बनाई उत्पादनलाई बढाउनेतर्फ लागेको छ। गाउँपालिकाले पाँचवटै वडाहरूलाई पकेट क्षेत्रका रूपमा विस्तार गरेको छ। वडा नं ४ को लाम्मेलालाई आलु पकेट क्षेत्रका रूपमा घोषणा गरेको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत उक्त वडालाई आलु पकेट क्षेत्र घोषणा गरेर कृषकलाई आधुनिक उपकरण, उन्नत जातका बीउमा वितरण गरी साना सिँचाइ परियोजनासमेत सञ्चालन गर्ने गरी योजना अगाडि बढाएको गाउँपालिकाका कृषि शाखा प्राविधिक सन्देश पराजुलीले बताउनुभयो। तमान गाउँका तीन सय ५० बढी घरका कृषकले आलु उत्पादन गर्दै आएका छन्। लामो समयदेखि परम्परागत रूपमा आलु उत्पादन गर्दै आएका यहाँका स्थानीयवासीलाई पकेट क्षेत्र घोषणा गरी अनुदान प्रदान गर्ने र व्यावसायिक बनाउनेतर्फ गाउँपालिका लागेको उहाँको भनाइ छ। लाम्मेलाका हरेक कृषकले वार्षिक न्यूनतम पाँच सय किलोदेखि माथि तीन हजार किलोसम्म आलु उत्पादन गर्दै आएको कृषि शाखाले जनाएको छ। पालिकाले लाम्मेलासँगै वडा नं ६ को नर्जाखानी, वडा नं २ को मुठाचौर लगायतका ठाउँलाई पनि आलु पकेट क्षेत्र विस्तार गरेको छ। यी वडाबाहेक आलु उत्पादन हुँदै आएका अन्य क्षेत्रमा पनि आधुनिक तरिकाले खेती गर्ने गाउँपालिकाले जनाएको छ। यस वर्ष नयाँ पकेट क्षेत्रका लागि १० लाख र पुरानोलाई निरन्तरता दिनका लागि पाँच लाख गरी रु १६ लाख बजेट विनियोजन गरेको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले जानकारी दिनुभयो। कृषकलाई आवश्यक बीउबिजन, तालिम तथा परामर्शसँगै प्रविधिसँग जोड्न थालेको अध्यक्ष बुढा मगर बताउनुहुन्छ। खेतीयोग्य जमिनको वर्गीकरण गरी कृषकलाई अनुदानसँगै सिँचाइको व्यवस्थापन गर्नका लागि गाउँपालिकाले दीर्घकालीन योजना बनाएर लागेको उहाँको भनाइ छ। अध्यक्ष बुढा मगरले भन्नुभयो, "गाउँपालिकाको आर्थिक उपार्जनको माध्यमनै कृषि हो, कृषकलाई व्यावसायिक र आधुनिक प्रविधिसँग जोडेर उत्पादन बढाउने गरी कामको थालनी गरेका छौँ, यहाँ मुख्य गरी कृषि र पशुपालन नै गर्ने कृषकको सङ्ख्या ठूलो छ, पालिकाले पनि सोही अनुसार बजेट विनियोजन गर्दै आएको छ, जहाँ जुन चीज उत्पादन हुन्छ, माटो र हावापानीअनुसार बालीनाली लगाउन कृषकलाई प्रेरित गरिरहेका छौँ। भौगोलिक कठिनाइका कारण धेरै ठाउँमा सिँचाइको समस्या रहेको भन्दै प्रदेश र केन्द्र सरकारसँगको सहकार्यमा कुलो तथा नहर निर्माण गर्ने योजना बनाएको उहाँले सुनाउनुभयो। पालिकाले हरेक वर्ष कृषि र पशुपालनका लागि बजेटसमेत वृद्धि गर्दै गएको अध्यक्ष बुढा मगरको भनाइ छ। उहाँका अनुसार वडा नं १, २ र ३ लाई पनि खाद्य बाली पकेट क्षेत्रका रूपमा विकास गरिएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

**हार्दिक समवेदना**



जन्म : २०२९/०४/ १४ गते
स्वर्गारोहण : २०७९/११/१३ गते

**स्व. संजयकुमार श्रेष्ठ**

यस समितिका आजीवन सदस्य, पूर्व कोषाध्यक्ष, सुप्रिमराज तथा स्कूपराज श्रेष्ठका प्रातः स्मरणीय पिता **संजयकुमार श्रेष्ठ** को ५० वर्षको उमेरमा भएको स्वर्गारोहणले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति श्री भैरवनाथसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

तीर्थमान प्रधानाङ्ग
अध्यक्ष तथा
**श्री भैरव साँस्कृतिक संरक्षण समिति परिवार**
भैरवटोल, पोखरा